श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०३३ सालको ऐन नं. ३७

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम्।

प्रधान सेनापतिको काम, कर्तव्य, अधिकार तथा सेवा शर्त ऐन, २०२६ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना: प्रधान सेनापतिको काम, कर्तव्य, अधिकार तथा सेवा शर्त ऐन, २०२६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "प्रधान सेनापतिको काम, कर्तव्य, अधिकार तथा सेवा शर्त (दोस्रो संशोधन) ऐन, २०३३" रहेको छ।

(२) यो ऐन २०३३ साल श्रावण १ गतेदेखि प्रारम्भ भएको मानिनेछ।

२. प्रधान सेनापतिको काम, कर्तव्य, अधिकार तथा सेवा शर्त ऐन, २०२६ को दफा ९ मा संशोधनः प्रधान सेनापतिको काम, कर्तव्य, अधिकार तथा सेवा शर्त ऐन, २०२६ को दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छः—

"९. निवृत्तभरणः (१) प्रधान सेनापतिले सेवाबाट अवकाश प्राप्त गरेपछि प्रतिमास पाउसय रूपैयाँको दरले निवृत्तभरण पाउनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) प्रधान सेनापतिको एकाघरसंगको परिवारलाई देहायबमोजिमको पारिवारिक निबृत्तभरण दिइनेछ ।

(क) प्रधान सेनापति आफ्नो पदमा बहाल छँदै मृत्यु भएमा एकमुष्ट सैंतीस हजार पाँचसय रूपैयाँ ।

(ख) उप–दफा (१) बमोजिम निबृत्तभरण पाउन थालेको नौ वर्ष नपुग्दै निजको मृत्यु भएमा नौ वर्ष पुग्न जति अवधि बाँकी रहन्छ त्यति अवधिसम्म मासिक आठसय रूपैयाँका दरले ।"

लालमोहर सदर मितिः– २०३३।७।४।४

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकरूपमा मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।